# बुङ्गल नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

**यस नगरसभाका सभा अध्यक्ष ज्यू नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, नगरबासी आमा, बुवा, दिदी, बहिनी, दाजु, भाई, पत्रकार ज्यूहरु**

यस नगरसभाको महत्वपूर्ण घडीमा सर्वप्रथम म ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात प्रात:स्मरणीय शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । त्यसै गरी राष्ट्रियताको स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको संघर्ष गर्नु हुने नेपाली नागरिक त्यसको नेतृत्व गर्नु हुने राजनीतिक शिखर व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

**नगर सभाका अध्यक्ष महोदय,**

यस गरिमामय नगरसभामा बुङ्गल नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा म हर्षित भएको छु । जल, जमीन र जङ्गलको अपार सम्पदाले भरिपूर्ण बभाङ जिल्लाको बुङ्गल नगरको विकासमा प्रत्यक्ष र अप्रक्ष सहयोग एवम् समर्थन गर्नु हुने सम्पूर्ण महानुभावलाई हार्दिक आभार प्रकट गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा स्थानीय निकायको निर्वाचन पश्चात सम्पन्न हुन गइरहेको यस गरिमामय बुङ्गल नगरपालिकाको नगर सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु, स्थानीय तहको निर्वाचन २०७४ पश्चात यस नगरपालिकामा हामी जन प्रतिनिधीहरु आइसकेपश्चात नगरवासीका भावना र आवश्यकताको उच्च सम्मान गर्दै बुङ्गललाई सुन्दर, स्वच्छ र समृद्ध नगर बनाउने अभियानका साथ आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अगाडी वढन मन, वचन र कर्मले सधैं प्रतिवद्ध एवम् कटिवद्ध थियौं, छौं र रहिरहन समेत यहाँहरु सबैमा अनुरोध गर्दछु ।

**नगर सभाका अध्यक्ष महोदय,**

बुङ्गल नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय तहले अवलम्वन गर्नु पर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरेका छौं । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची-८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची-९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्ग निर्देशन, संघीय सरकारको बजेट तथा कार्यक्रमका साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र

मार्गदर्शनलाई पूर्णतः अवलम्बन गर्दै यो नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । नीति तथा कार्यक्रम निर्माणका लागि चालु त्रिवर्षीय योजना, वडा समितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, बिषयगत शाखाहरु तथा गैरसरकारी संघसंस्था, नागरिक समाज, सम्वन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु लगायतबाट प्राप्त सुझाव एवम् वडास्तरीय भेलाबाट छनौट भई आएका योजनाहरुलाई प्राथमिकिकरणको आधारमा नगर सभामा पेश गरिएकोछ ।

राजस्वका दरहरुमा नगरस्तरीय राजस्व परामर्श समितिको प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको बैठकबाट सिफारिस भई आएका दरहरुलाई यस नगरसभामा पेश गरिएको छ । स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको यस नगरपालिकाले सिमित श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति हुदाँ हुदै पनि चालु आ.व.२०७४।०७५ मा नगरवासीहरुको हित र सुविधाका लागि शहरी सुशासन, सामाजिक विकास एवं भौतिक पूर्वाधार निर्माण तथा श्रोत परिचालन गरि पर्यटन क्षेत्रको विकासका सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएकोछ ।

नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकासका कार्यहरुमा नगरवासी प्रतिको जवाफदेहितामा बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियालाई आत्मसाथ गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । यस बुङ्गल नगरपालिकाले आफ्ना कामहरु सुचारु ढंगले संचालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, आचारसंहिता निर्माण गरी जारी गर्ने काम सुरु देखि नै गर्दै आइरहेको सर्वविदितै छ । यस आर्थिक वर्षमा समेत आवश्यक ऐन, नियम, कार्यविधि, आचारसंहिता निर्माण गरी जारी गरिनेछन् । गुनासो व्यवस्थापन, सूचनाको हकको कार्यान्वयनका लागि समेत नगरपालिकाबाट आवश्यक व्यवस्था मिलाइनेछ ।

नगरपालिकाको समष्ठिगत भौतिक पूर्वाधार तर्फ हालसम्ममा सडक बाटो नपुगेका वस्तीहरुमा सडक बाटो पुर्याउने काम भैरहेको छ । आफ्नै जमीन नभएका वडा कार्यालय र नगरपालिकाको जमीन व्यवस्थापन गरी चाँडो भन्दा चाँडो आफ्नै कार्यालय भवन निर्माणका लागि पहल गरिनेछ । खानेपानी, बाटो घाटोको सुविधा नभएका टोल बस्तीमा बाटो घाटो, पुलपलेसा निर्माण एवम् स्वच्छ खानेपानी व्यवस्थापनका लागि यस वर्ष तीव्र रुपमा काम गरिनेछ । कृषिको उत्पादकत्व वृद्धि गरी कृषकको आयमा वृद्धि गर्नका लागि सिंचाइ कुलोहरुको निर्माण एवम् संचालनमा सहयोग पुर्याइनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

अब म, बुङ्गल नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरुलाई उल्लेख गर्न गइरहेको छु :

- नेपालको संविधानको अनुसूचि-८ र अनुसूचि-९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,

- संघीय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्रथमिकताहरु,
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन २०७४ ,
- संघीय सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननिय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन,
- श्रोत तथा बजेट सिमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- नगर पालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- विगत बर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न बिषयगत विज्ञहरुसंग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु ।

बजेट विनियोजन गर्दा सबै वडालाई समान रुपमा विनियोजन गरिएको छ । लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन हुने गरि बजेटलाई विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिईएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

नगरपालिकाले आर्थिक बर्ष २०७५/०७६ देखि अवलम्वन गर्ने गरी तयार गरिएका नीति, कार्यक्रम तथा बजेटका समान्य उद्धेश्यहरु निम्नानुसार रहेका छन् :

- नगर क्षेत्र भित्रका सम्पूर्ण सडकहरुलाई नियमित मर्मत सम्भार गरी बाह्रै महिना संचालनमा ल्याउने व्यवस्था गर्ने ।
- नगरमा उज्यालो गर्न बैकल्पिक उर्जालाई प्रवर्द्धन गर्ने ।
- नगरवासीका जीवनयापनका न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दै गरीबी विपन्नता पछौटेपन अन्त्य गर्ने ।
- नगर क्षेत्रभित्रको श्रोत, अवसर र क्षमताको उच्चतम उपयोग गरी आर्थिक तथा मानवीय विकास गर्ने ।

- नगरक्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासका लागि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने ।
- सामुदायिक सृजनशीलता र उद्यमशीलताको प्रवर्द्धन र विकास गरी जनसहभागितामा आधारित सामुदायिक विकास गर्ने ।
- नगरको सम्पदाको रुपमा रहेका धार्मिक तथा पर्यटकीय स्थलको पूर्वाधार विकास, प्रर्वद्धन तथा संरक्षण गर्ने ।
- नगर भित्र विद्यमान जाति, धर्म, प्रथा, परम्परा रीतिरीवाज तथा संस्कारका नाममा हुने विभेद शोषण, अन्याय अन्त गरी मानवतामा आधारित समाज निर्माण गर्ने नीति लिने ।
- नगर क्षेत्रका विविध जातजाती समुदायको भाषा, संस्कृति, साहित्य, कला, सम्पदाको संरक्षण एवं प्रर्वद्धन गर्ने ।

**नगर सभाका अध्यक्ष महोदय,**

उल्लेखित उद्धेश्यहरु पुरा गर्नका लागि यस बजेटका प्राथमिकताका क्षेत्रहरु निम्न अनुसार हुनेछन् :

- पूर्वाधार विकास
- कृषिमा आधुनिकीकरण तथा व्यवसायिकरण
- विद्यालय शिक्षाको गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना तथा सञ्चार प्रविधिको उपयोग
- उद्यम र सहकारीताको विकास
- मानव संसाधन र सामाजिक विकास
- पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- प्राकृतिक विपद व्यवस्थापन पूर्व तयारी

**१. आर्थिक विकास तर्फः**

**कृषि**

- अर्गानिक खेतीलाई प्रोत्साहन गरी कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणालाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जे.टि.ए. राख्ने व्यवस्था मिलाईनेछ ।
- उपलब्ध स्थानीय स्रोत, श्रम, सीप र पूँजीको सामूहिक रुपमा परिचालन गरी उत्पादकत्वको अभिवृद्धि गरि नगरक्षेत्रको दिगो र समतामुलक आर्थिक विकास गरिनेछ ।

- जडिबुटीको विकास गर्न, बनस्पती खेतीका कार्यक्रमहरु संचालनमा ल्याईने जडिबुटी प्रशोधन केन्द्रको कार्य थालनी गरिनेछ ।
- कृषक समूहमा आवद्ध कृषक सदस्यहरुलाई फलफूलका बिरुवा निःशुल्क बितरण गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र कृषिका लागि साना सिचाई कूलो निर्माण एवम् मर्मत सम्भार कार्यक्रमहरु संचालन गरिनेछ ।

**पशु विकास सेवा**

- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवाको सम्भावना भएका स्थानमा कृत्रिम गर्भाधान सेवाको व्यवस्था गर्न पहल गरिनेंछ ।
- गरीब किसानहरुलाई समूहमा आवद्ध गरी उन्नत नश्लका पशुपंक्षी वितरण गरि आयआर्जन वृद्धिमा सहयोग पुऱ्याइनेछ ।
- पशु स्वास्थ्यका लागि आवश्यक औषधीहरु पशु सेवा शाखा मार्फत निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ ।

**पर्यटन विकास**

- बुङ्गल नगरको आय वृद्धिका लागि पुनमचुली, खडखडे वन क्षेत्रलाई आरक्षित क्षेत्र घोषणा गरिनेछ ।
- पुनमचुली, थारपाटन, बड्डीज्यावन, बाइसधारा, खोल्लेकलाई पर्यटकीय क्षेत्र घोषणा गरिनेछ ।

**महिला विकास**

- बुङ्गल नगरपालिकामा बसोबास गर्ने महिलाहरुको उत्थानका लागि गत आर्थिक बर्षमा सबै वडाहरुमा गठन गरिएका महिला समूहमा आवद्ध सदस्यहरुको क्षमता विकासका लागि उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ ।
- दलित, अपाङ्ग तथा हिंसापीडित महिलाहरुलाई आवश्यक सहयोग पुऱ्याउनका लागि "दलित, अपाङ्ग तथा हिंसापीडित महिलाहरुसंग उपमेयर कार्यक्रम" सञ्चालन गरिनेछ ।

**उद्योग तथा बाणिज्य**

- "हामी सबैको साथ नगरको विकास" नारा लिई समग्र नगरको विकास गर्ने नीति लिईने छ ।
- स्वदेश तथा विदेशमा निर्यात हुने उत्पादित बस्तुमा स्थानीय करमा छुट दिने नीति अवलम्बन गरिनेछ ।
- नगरक्षेत्र भित्र कालोवजारी, एकाधिकार, कृत्रिम अभाव सृजना गर्ने व्यवसायलाई कार्वाही गर्न संघीय तथा प्रदेश सारकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिनेछ ।
- नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा संघीय सरकारको स्वीकृति लिई आन्तरिक तथा वैदेशिक सहायता लिने नीति अवलम्बन गरिनेछ ।

- बैदेशिक रोजगार वर्तमान अवस्थामा युवाहरुको पहिलो रोजाई रहेकाले बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धिमुलक र व्यवस्थित बनाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जडिवुटी प्रशोधन केन्द्र स्थापना गरिसंचालन गरिनेछ ।
- घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

**सहकारी**

- सहकारी क्षेत्रलाई प्रर्वद्धन र विकास गरी सहकारीको मूल्य मान्यता र सिद्धान्तमा आधारित सहकारी संस्थाहरुको स्थापना मार्फत विभिन्न समुदायमा रहेको पूंजी र सीप, परम्परागत ज्ञानलाई समेत उपयोगमा ल्याई आर्थिक विकासमा टेवा पुऱ्याउने नीति लिईनेछ ।
- विषयगत सहकारीहरु, कृषि, फलफूल, तरकारी उपभोक्ता सहकारीहरुको विकासका लागि नगरपालिकावाट सहुलियतको व्यवस्था मिलाईनेछ ।

**२. सामाजिक विकास तर्फ :**

- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडि परेका महिला बालबालिका, दलित, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारमा जोड दिईनेछ ।
- सामाजिक परिचालनका माध्यमवाट गरिवी न्यूनीकरणका लागि कार्यकम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य गरिनेछ ।
- मानसिक तथा बौद्धिक अपाङ्ग भएका ब्यक्ति,दुर्व्यशनी, कुष्ठरोग, HIV, AIDS बाट संक्रमित भएकाहरुका लागि मनोपरामर्शको माध्यमबाट सीपमूलक तालिम आयोजनका गर्नुका साथै अपाङ्ग, कुष्ठरोग प्रतिको समाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन विभिन्न सचेतनाका कार्यक्रम संचालन गरिनेछन ।
- लागु औषध नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।
- युवाहरुलाई स्वरोजगार मूलक तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।
- लक्षित महिलाको शसक्तिकरणको स्तर हासिल गर्नका लागि महिला विकास कार्यक्रम, बन्चितिमा परेका महिलालाई मूलप्रभाहिकरण, समावेशिकरण र सशक्तिकरण गरी लैंगिक समानता, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, जीवनोपयोगी शिक्षा, संस्थागत सहभागीताका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछन ।
- निरपेक्ष गरिबीको रेखामुनि रहेका दलित, मुक्त कमैया, अति विपन्न वर्ग तथा द्वन्द्व पिडित समुदायका लागि सामुहिक आयमुलक तालिम दिई ब्यावसायिक बनाउने नीति लिईनेछ ।
- यस नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्ने गैह्र सरकारी र अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरु संग समन्वय गरि नगरसभामा आफ्नो वार्षिक योजना, कार्यक्रम तथा वजेट पेश गर्न लगाई, संस्था

सूचिकृत गर्ने र गैरसरकारी संस्थाद्धारा वार्षिक रुपमा संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

- दलित लगायत विभिन्न जात जातिका परम्परागत पेशागत कार्यलाई निरन्तरता दिन समयसापेक्ष सिप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिबृद्धिका लागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकाको आवधिक पञ्चवर्षिय नगर विकास योजना तयार गरिनेछ ।

**शिक्षा तर्फ**

- नगरपालिकाको आवधिक पञ्चवर्षिय नगर शिक्षा योजना तयार गरिनेछ ।
- विद्यालय उमेरका वालवालिकालाई 'भिकाउ, सिकाउ, टिकाउ र विकाउ' को अवधारणा अनुसार अनिवार्य तथा नि:शुल्क गुणस्तरीय आधारभुत शिक्षाको सुनिश्चितता गर्दै आधारभुत शिक्षा पुरा गरेकालाइ माध्यमिक शिक्षाको पँहुच सुनिश्चित गरी सबै प्रकारका वालवालिकालाई विद्यालय शिक्षावाट वञ्चित हुन नपर्ने वातावरण सुनिश्चित गरीने नीति लिईनेछ ।
- स्वीकृत शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालयलाई प्रोत्साहन कार्यक्रमहरु लागु गरिनेछ ।
- माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- "बालमैत्री विद्यालय वातावरण" निर्माण गर्न जोड दिइनेछ ।
- शिक्षाको समग्र गुणस्तर विकासका लागि अतिरिक्त क्रियाकलाप प्रतियोगिताको आंयोजना गरिनुका साथै नगर क्षेत्रमा खेलकुद क्षेत्रलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

**स्वास्थ्य**

- "योग गरौं स्वस्थ बनौ" भन्ने नाराका साथमा प्रत्येक नगरभित्र योग शिविर संचालन गरिनेछ ।
- नगरका विद्यालयमा स्वास्थ्य सम्वन्धि योग शिविरहरु सञ्चालन गरिनेछन् ।
- नगरबासीलाई छिटो छरितो स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउनका लागी कम्तिमा एउटा एम्बुलेन्स संचालनमा ल्याईनेछ ।
- महिला स्वास्थ्यको सम्वेदनशिलतालाई ध्यानमा राखि नगरका विभिन्न वडाहरुमा स्वास्थ्य सम्वन्धि सचेतना कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरी समय समयमा विशेषज्ञ स्तरिय स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- संविधान तह मौलिक अधिकारका रुपमा रहेका स्वास्थ्य सम्वन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सबै नगरबासीमा पुऱ्याउनका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

- नगरपालिका र प्रदेश सरकारको सहयोगमा जनस्वास्थ्य प्रवर्द्धनका लागि स्वयसेविकाहरुलाई थप परिचालन र व्यवस्थित गर्न आवश्यक सुविधामा बृद्धि गरिनेछ ।

**संस्कृति प्रवर्द्धन**

- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ ।
- बहुल संस्कृति एवं सम्पदाहरुको संरक्षण सम्बर्द्धन गर्दै मौलिक संस्कृतिको जर्गेना गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने र सबै समुदायको धार्मिक र सांस्कृतिक मूल्य मान्यताको अभिबृद्धि गर्ने वातावरण सिर्जना गर्ने नीति लिईनेछ ।
- आ.व.२०७५।०७६ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरुसँग भगिनी सम्वन्ध कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

**३. पूर्वाधार विकास तर्फः**

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि मर्मत संभार कोषको व्यवस्था गरी सडकहरुको नियमित मर्मत सम्भार गर्दै लगिनेछ ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने योजनाहरुमा कम्तिमा १५ प्रतिशत जनश्रमदान गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।
- भू-उपयोग नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्रमा रहेका अव्यवस्थित बसोवासलाई व्यबस्थापन गर्न पहल गरिनेछ ।
- दुई लाख र सो भन्दा कम लागतका योजनाहरुको सम्झौता, जाँचपास र फरफारक गर्ने काम वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकाको निर्णय अनुसार हुने व्यवस्था मिलाईनेछ ।
- बाढि तथा पहिरोबाट क्षतिग्रस्त भई यातायात अवरुद्ध भएको आ-आफ्नो वडाक्षेत्रभित्रको सडक तत्काल मर्मत सम्भार गर्नु पर्ने भएमा नगरप्रमुखबाट अनुमति लिइ सम्बन्धित वडाले नै नगरपालिकाको डोजर प्रयोग गरी मर्मत सम्भार गर्न सकिनेछ । यसरी गरिएको सडक मर्मतका लागि डोजर संचालन गर्दा प्रयोग भएको रु. पाँच लाख सम्मको विल बराबरको रकम प्राविधिक प्रतिवेदन र वडा समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।
- सार्वजनिक विकास निर्माणको कार्यलाई समय भित्रै कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीलाई कार्यविधि बनाई साविकको काम सम्पन्न गरेर मात्र थप नयाँ काममा सहभागी हुने व्यवस्था मिलाईनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुमा सौर्य उर्जा प्रविधि जडान गर्नका लागि प्रोत्साहन गरिनेछ ।

- नगरपालिका क्षेत्रभित्र बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्गमैत्री वालमैत्री बनाउनका साथै बनी सकेका भवनहरुमा पनि अपाङ्गमैत्री, बालमैत्री बनाउन प्रोत्साहन गरिनेछ ।
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तहसम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्व नै आवश्यक तालिम प्रदान गर्ने कार्यलाई निरतन्तरता दिईनेछ ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई स्रोतसाधनले सम्पन्न गरिनेछ ।

**४. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ :**

- नगरको वातावरण स्वच्छताका लागि बोटबिरुवाहरु रोप्ने कार्यक्रम अगाडि वढाईनेछ ।
- बिभिन्न वडामा नदि कटान रोक्न जैविक तटबन्धनको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका क्षेत्र भित्र प्राकृतिक प्रकोप तथा विपत व्यवस्थापनका लागि विपत व्यवस्थापन सम्वन्धि गुरुयोजना निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ ।

**५. सुशासन तथा संस्थागत विकास तर्फः**

**मानव संसाधन विकास**

- कर्मचारीहरुको मनोवल उच्च राख्न तथा उहाँहरुको बढि भन्दा बढि समयको उपयोग गरी नगरपालिकाको कार्यमा लगाउन हाल पाईरहेको सेवा सुविधामा नगरपालिकाको तर्फबाट मासिक थप प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।
- जननिर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई विकास निर्माणका कार्य लगायत अन्य प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न राष्ट्रियस्तरमा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई आवश्यक वृति विकासका अवसरहरु उपलब्ध गराईनेछ ।

**संस्थागत क्षमता विकास**

- बुङ्गलबासीहरुलाई नगरपालिकाको न्यायिक समितिबाट छिटो छरितो र सर्वशुलभ न्याय प्रदान गर्न विशेष जोड दिईनेछ ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अन्तरिम दरबन्दी तेरिज अनुसारका दरबन्दी स्वीकृत गरी सो अनुसारका कर्मचारीहरुको

कार्यपालिकाको ... बिरातडी बैतडी ... प्रदेश नेपाल

पदपूर्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी आवश्यक कार्य सम्पादन गरिनेछ ।

- नगरपालिका क्षेत्र भित्रमा थप सुरक्षा व्यवस्था गर्न शसस्त्र प्रहरीको वेश क्याम्प स्थापनाका लागि संघीय र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।
- लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य पालिकाहरुसँग साझेदारी, सम्झौता संयुक्त व्यवस्थापनमा उपयुक्त कार्यहरु गर्न सकिनेछ ।
- नगरका प्रत्येक वडामा प्रहरी चौकीको स्थापना गरि शान्ती सुरक्षालाई प्रभावकारी वनाउन आवश्यक पहल गरिनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

अब म, कर दाता, आम नागरिक र लगानीकर्ताले अपेक्षा गरेको व्यवहारिक कर प्रणालीलाई आत्मसाथ गर्ने आगामी आ.व.२०७५/०७६ को राजश्व परिचालन सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- स्थानीय तहको वित्तिय अधिकार सम्बन्धी व्यवस्थाको पुर्ण रुपमा पालना गर्दै बित्तिय प्रशासन सुधारका लागि व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्च परिचालनका दायरा वढाउन राजश्व सम्बन्धि अध्ययन गरिनेछ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने प्रयास गरिनेछ ।
- उत्पादन मूलक तथा व्यवसायिक क्रियाकलापमा सहयोग पुग्ने गरी स्थानीय तहबाट प्रदान गरिने ईजाजत तथा दर्ता प्रणालीलाई सरलीकृत गरिने छ ।
- वक्यौता करहरु उठाउन वडा समितिका सदस्यको संयोजकत्वमा समिति गठन गरी वडास्तरमा व्यापक रुपमा राजश्व परिचालन गरिनेछ ।
- एकिकृत सम्पति कर प्रणालीलाई र मालपोतको घरजग्गा रजिष्ट्रेशन शुल्कका लागी कायम गरेको जग्गाको तथा घरको मुल्याङ्कन दरलाई एकिकृत सम्पती कर प्रणालीका लागि निर्धारण गरिने नीति लिइनेछ ।
- वडा स्तरबाट राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन वडाका कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि तथा सवै वडालाई सूचना प्रविधिमा जोड्ने नीति लिईनेछ ।
- आ.व.२०७५/०७६ मा बुङ्गल नगरपालिकाको आन्तरिक आय १ करोड ५ लाख उठाउने लक्ष्य लिएका छौ । आ.ब. २०७४/०७५ को जेष्ट मसान्त सम्म १२ लाख ३८ हजार ४२९ उठिसकेकोछ । यो यथार्थ ५३ प्रतिशत रकम हो । आ.व. २०७५/०७६ को तुलनामा हामी आन्तरिक आय २३३ प्रतिशतले बढी उठाउने छौ ।

- प्राकृतिक श्रोत करको दर र प्रकृया प्रदेशले निर्धारण गरे वमोजिम बुङ्गल नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट वालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई राजश्व परिचालनको रुपमा विकास गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा उल्लेख भए अनुसार प्रदेश र नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्र पर्ने विषयमा कर निर्धारण गर्ने प्रकृयालाई आपसी समन्वयमा व्यवस्थित र पारदर्शी बनाईने नीति लिईएकोछ ।

**सूचना तथा सञ्चार प्रविधि**

- संचार क्षेत्रको विकास तथा प्रबर्द्धन गर्ने नीति लिईनेछ ।
- नगरपालिकाका सबै वडाहरुलाई सूचना प्रविधिमा आवद्ध गर्न इन्टनेट जडान गरिनेछ । संघीय सरकारको सहयोगमा विद्यालय, स्वास्थ्य संस्था, विषयगत शाखाहरुमा समेत इन्टरनेट जडान गर्ने कार्यको थालनी गरिनेछ ।

**नगर सभा अध्यक्ष महोदय,**

अब म, आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आ.व.२०७४।०७५ को असार पहिलो हप्ता सम्म यथार्थ विवरण :**

आ.व. २०७४।०७५ मा कुल आय रु. ४५ करोड ५४ लाख २८ हजार मध्ये आन्तरिक स्रोतबाट रु. १३ लाख ४८ हजार बाह्य श्रोतबाट रु. ४४ लाख ८८ हजार र बैङ्क मौज्दात रु. ५२ लाख ३४ हजार रहेको थियो । त्यस्तै गरी कुल खर्च रु. ४१ करोड ४३ लाख ३४ हजार मध्ये चालु खर्च रु. २ करोड ४३ लाख ५८ हजार र पूँजिगत खर्च ३८ करोड ९९ लाख ७६ हजार भएको थियो ।

**आगामी आ.व.२०७५।०७६ को प्रस्तावित आय/व्यय विवरण :**

आर्थिक वर्ष २०७५।०७६ मा बुङ्गल नगरपालिकाको विभिन्न कार्यक्रहरु संचालनका लागि कूल ८० करोड १६ लाख ९४ हजार रकम छुट्याएको छु । उक्त रकम संघीय सरकार, प्रदेश सरका र बुङ्गल नगरपालिकाको आन्तरिक राजश्वबाट व्यहोरिनेछ । आ.व. २०७५।०७६ को कार्यक्रम संचालनका लागि संघीय सरकारबाट सशर्त अनुदान वापत १६ करोड ४७ लाख र समानीकरण अनुदान वापत २० करोड ६५ लाख गरी जम्मा रु. ३७ करोड १२ लाख प्राप्त हुने अनुमान गरिएकोछ । प्रदेश सरकारबाट समानीकरण अनुदान वापत रु. ९३ लाख ४० हजार, संघीय सरकारबाट सामाजिक सुरक्षा भत्ता वापत रु. ९ करोड १५ लाख प्राप्त हुने अनुमान गरिएकोछ । नगरपालिकाको संचितकोषमा जम्मा भएको गत आ.व.को रकम रु. २ करोड ५० लाख, आ.व. २०७५।०७६ मा नगरपालिकाको आन्तरिक राजश्व रु. १ करोड ५ लाख उठ्ने अनुमान गरी सो रकम समेत बजेट संलग्न गरिएकोछ । नगरपालिका क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालनका लागि संघीय र प्रदेश सरकार लगायतका अन्य निकायहरुबाट थप रु.

२९ करोड ४१ लाख ५४ हजार प्राप्त हुने अनुमान गरि सो रकमलाई समेत आयमा समावेश गरिएकोछ ।

व्यव तर्फ आ.व. २०७५।७६ को अवधिमा चालु खर्च अन्तर्गत कर्मचारीहरुको तलब, सेवा, सुविधामा रु. २ करोड ३६ लाख ३७ हजार, जनप्रतिनिधिहरुको सेवा सुविधा वापत रु. ७४ लाख १ हजार र नगरपालिका तथा वडा कार्यालयहरुको प्रशासनिक खर्च वापत रु. ३ करोड ३९ लाख ६२ हजार गरी जम्मा ६ करोड ५० लाख विनियोजन गरेकोछु । पूँजिगत खर्च तर्फ समपुरक कोष, कन्टीजेन्सी, नगर गौरवका योजना, वडागत योजना र अन्य कोषका लागि रु. १२ करोड ७५ लाख खर्च हुने अनुमान गरेकोछु । नगरपालिकाका अन्तर्गतका विषयगत शाखा, उपशाखा, इकाइहरुबाट संचालन हुने कार्यक्रमका लागि २० करोड ६५ लाख खर्च गरिने व्यवस्था मिलाएकोछु । अन्य संघसंस्थाहरुको समन्वयमा कार्यक्रम संचालन हुने गरी रु. २७ करोड ५१ लाख ३४ हजार विनियोजन गरेकोछु । गत आ.व. २०७४।७५ मा विनियोजित रकमबाट खर्च गर्ने गरी छनौट भएका तर सो अवधिमा काम सम्पन्न नभई भुक्तानी हुन बाँकी रहेका योजनाहरुको बाँकी कार्य सम्पन्न गर्न तथा भुक्तानी दिनका लागि रु. २ करोड ५० लाख विनियोजन गरेकोछु । नगरपालिकामा बसोबास गरेका ज्येष्ठ नागरिक, आरक्षित समूहको सामाजिक सुरक्षाका लागि रु. ९ करोड १५ लाख छुटयाएकोछु । आन्तरिका राजश्वबाट खर्च व्यहोर्ने गरी चालु तथा पूँजिगत कार्यक्रममा लागि १ करोड ५ लाख विनियोजन गरेकोछु । नगरपालिकाको कोषबाट आगामी आ.व. २०७६।०७७ का लागि रु. ५ लाख ६० हजार जिम्मेवारी सर्ने अनुमान गरेको छु । यसरी नगरपालिकाले आ.व. २०७५।०७६ को अवधिमा कूल ८० करोड १६ लाख ९४ हजार खर्च गर्ने अनुमान गरेकोछु ।

खर्च तर्फ योजनागत विस्तृत विवरण नगरसभाबाट पारित भै सकेपछि सार्वजनिक गरिनेछ ।

**नगर सभा अध्यक्ष महोदय,**

नीति तथा बजेट कार्यक्रम योजना तर्जुमा गर्ने सन्दर्भमा संघीय सरकार तथा माननीय सांसदज्यूहरु, प्रदेश सरकार, तथा माननीय सभासदज्यू, सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरुबाट प्राप्त सुझाव, सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु । हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सुझाव दिनु हुने नगर कार्यपालिका सदस्यज्यूहरू, विभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्वहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरि प्रत्यक्ष अप्रत्यक्ष रुपमा सुझाव दिनु हुने बुङ्गल नगरपालिकाका कर्मचारी मित्रहरु विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू, करदाता, उद्यमी, व्यापारी, समाजसेवी, ज्येष्ठ नागरिक, पत्रकार, सम्पूर्ण गैर सरकारी संस्थाहरु एवं सम्पूर्ण महिला तथा सज्जनवृन्दहरुलाई धन्यवाद दिन चाहन्छु ।

कार्यपालिकाको कार्यालय
विरातडी बझाङ
... प्रदेश नेपाल

अन्त्यमा, हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट योजना कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्ग दर्शनको रूपमा लिएर बुङ्गल नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबै महानुभावहरुको सकारात्मक सहयोग निरन्तर रहने अपेक्षा गर्दै विदा हुन्छु ।

**धन्यवाद**

मिना देवी बोहरा जागरी
नगर उप प्रमुख
मिति २०७५ साल असार १० गते आईतबार ।
बुङ्गल नगरपालिका, खिरातडी, बझाङ

बुङ्गल नगरपालिकाको सभाको मिति २०७५ असार ३० गतेको निर्णय नम्बर १ बाट पारित भएको **"बुङ्गल नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट"** लाई बुङ्गल नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २५ को उपनियम (३) बमोजिम प्रमाणिकरण गर्दछु ।

धन बहादुर विष्ट
नगरप्रमुख

**मिति : २०७५।०४।०१ गते मंगलबार**